नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

फोन नं.: ०४१-४१२०२०

प.सं.: १५८१७/लेखा/१३/०७५/७६/११

नं.२ युद्धकवच गुल्म,
धारापानी व्यारेक, धनुषा ।
मिति २०७५/०९/१० गते ।

श्री इभांशु इशा विल्डर्स,
ललितपुर महानगरपालिका, वडा नं.२५ सैंबु ।
(प्रो.विभा कुमारी यादव)

## निर्माण ठेक्का स्वीकृत गर्ने आशयको सूचना

उपरोक्त सम्बन्धमा यस गुल्ममा चालु आ.व. २०७५/७६ मा यस गुल्म अन्तरगत (महोत्तरी जिल्लाको, किसाननगर व्यारेक, बर्दिबास ईलाकामा) २० वेडको जवान लाईनको पहिलो तला थप र जवान भान्छा भवन निर्माण गर्ने काम बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र ऐ. नियमावली २०६४ (संशोधन सहित) बमोजिम विद्युतिय बोलपत्रको आव्हान **(e-GP)** प्रणाली मार्फत टेण्डर आव्हान गरिएको सुचना श्री राष्ट्रिय दैनिक पत्रिका जनकपुर टुडे, जनकपुरधाम, धनुषाबाट मिति २०७५/०८/०२ गते प्रथम पटक प्रकाशित सुचना बमोजिम मिति २०७५/०९/०३ गतेको १३०० बजे विद्युतिय बोलपत्र **(e-GP)** प्रणाली मार्फत वोलपत्र खोलुवा गर्दा जम्मा ८ (आठ) थान बोलपत्र दर्ता हुन आएको । विद्युतिय बोलपत्र **(e-GP)** प्रणाली मार्फत दर्ता भएका बोलपत्रहरु मध्ये सारभुत रुपमा प्रभावग्राही न्युनतम मुल्यांकित सबै भन्दा घटी कबोल गर्ने त्यस इभांशु इशा विल्डर्स, ललितपुर महानगरपालिका, वडा नं.२५ सैंबुको मु.अ.कर बाहेक रकम रु.७९,६४,६०२।४७ (उनान्असीलाख चौसट्ठीहजार छसय दुई रुपैया र पैसा सत्चालीस) र मु.अ.कर सहित रु.९०,००,०००।७९ (नब्बेलाख र पैसा उनान्असी) मात्र कबोल गरेको हुंदा २० बेडको जवान लाईनको पहिलो तला थप र जवान भान्छा भवनको लागि आवश्यक पर्ने सम्पूर्ण निमार्ण सामाग्री आफ्नै ढुवानी खर्चमा ल्याई निमार्ण गर्ने गरी त्यस इभांशु इशा विल्डर्स, ललितपुर महानगरपालिका, वडा नं.२५ सैंबुको बोलपत्रलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम स्वीकृत गर्ने आशयको सूचना जारी गरिन्छ ।

(पुकार वस्नेत)
सेनानी
गुल्मपति

**बोधार्थ तथा कार्यार्थ:**

श्री प्रबन्धरथीको कार्यालय, जंगी अड्डा ।
श्री सैनिक जनसर्म्पक निर्देशनालय, जंगी अड्डा ।
श्री स्थपति निर्देशनालय, जंगी अड्डा ।
श्री मध्य पूर्वी पृतना हे.क्वा, धारापानी व्यारेक, धनुषा ।
श्री सार्वजनिक खरिद अनुगमनको कार्यालय, ताहाचल काठमाण्डौ ।
श्री जिल्ला प्रशासन कार्यालय, धनुषा ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषा ।
श्री सुख शान्ति निर्माण सेवा, बन्दिपुर ३, सिरहा ।
श्री आर्दश ट्रेडर्स, जनकपुर नगरपालिका ८, धनुषा ।
श्री कृश कन्स्ट्रकसन प्रा.लि.,
जनकपुर उपमहानगर पालिका २, धनुषा ।
श्री बाईसधारा निर्माण सेवा, विदुर न.पा.२, नुवाकोट ।
श्री डोलेश्वर महादेव निर्माण तथा सप्लायर्स प्रा.लि.,
का.म.न.पा. १०, शंखमुल काठमाण्डौ ।
श्री चौधरी निर्माण सेवा, जनकपुर न.पा.१५, धनुषा ।
श्री आमा कन्स्ट्रक्सन, का.म.न.पा.६, बौद्ध, काठमाण्डौ

माथि उल्लेखित बोलपत्रदालाई मुल्यांकन समितिले सारभुत रुपमा प्रभावग्राही ठहर गरेको र सबै भन्दा न्युन मुल्याङ्कित बोलपत्रदाता भएको हुंदा ठेक्का स्वीकृति गर्न आशयको पत्र जारी गरिएकोमा तपाई वा तपाईको असहमती वा चित्त नबुझेमा प्रमाण सहित सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिम यस गुल्ममा आजको मितिले ७ दिन भित्र लिखित निवेदन पेश गर्न सक्ने प्रावधान रहेको व्यहोरा जानकारी गराईन्छ ।